बडीकेदार गाउपालिकाको गाउँसभा १९ औं अधिवेशनको पहिलो बैठकमा २०८३ साल
जेष्ठ २५ गते सोमबार

अध्यक्ष भैरव बहादुर साउदज्यूले

**प्रस्तुत गर्नु भएको**

# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

बडीकेदार गाउँपालिका

**बडीकेदार गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खड्यौली, डोटी**

## बडीकेदार गाउपालिकाको गाउँसभा १९ औं अधिवेशनको
## पहिलो बैठकमा पेश गरिएको
## आ.ब.२०८३□०८४ को नीति तथा कार्यक्रम

**गाउँसभा सदस्य ज्यूहरु**

यस बडीकेदार गाउँपालिकाको गरिमामय गाउँसभाको १९ औं अधिवेशनका उपाध्यक्ष ज्यू, सचिव ज्यू, गाउँसभा सदस्य ज्यूहरु, संचारकर्मी मित्रहरु तथा राष्ट्रसेवक कर्मचारी मित्रहरु

लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर विभिन्न ऐतिहासिक जनआन्दोलन र यो देश निर्माणका लागि भएका अनेकन संघर्षहरुमा आफ्नो प्राण उत्सर्ग गर्ने ती महान शहीदहरुलाई हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरु प्रति अगाध सम्मान व्यक्त गर्न चाहन्छु, साथै उक्त संघर्षहरुमा शारीरिक, बौद्धिक एवं मानसिक योगदान पुर्याउनु हुने तमाम नेपाली दाजुभाई दिदीबहिनीहरु प्रति सादर सम्मान व्यक्त गर्न चाहन्छु । यस अवधीमा भएका संघ, प्रदेश र स्थानीय सरकारका कामकार्वाहीले संघीयता र लोकतन्त्रको उपभोग आम जनताले महशुस गर्न पाएका छन् । यस सन्दर्भमा यस बडिकेदार गाउँपालिकालाई यस अवस्थामा ल्याइ पुऱ्याउन अमुल्य योगदान गर्नू हुने संघ, प्रदेश र स्थानीय सरकारका पूर्व तथा वर्तमान जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, राजनैतिक दल, समाजसेवी, बुद्धिजिबी, शिक्षक, कृषक, उद्योगी, व्यवसायी, संचारकर्मि, पेशाकर्मी एवं सबै गाउँपालिकावासी आम जनसमुदायलाई हृदय देखि नै धन्यवाद दिन चाहन्छु ।

ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेको यस बडीकेदार गाउँपालिका अन्य गाउँपालीकाको तुलनामा विशिष्ट साँस्कृतिक मूल्य, मान्यता, भौगोलिक समानता र विकासको ठूलो संभावना बोकेको गाउँपालीका हो । ***हाम्रो कला हाम्रो संस्कृति, बडीकेदार हाम्रो सम्पति*** भन्ने मूल मर्मका साथ अगाडी बढीरहेको यस गाउँपालिका क्षेत्रका आफ्नै मौलिक प्रकृतिका सबल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतिहरु नभएका होईनन् । पूर्ववत स्थानिय सरकारले संघियताको कार्यान्वयन गर्ने क्रममा विगतका वर्षहरुमा सांगंठनीक संरचनाहरुको विकास, कानुनको निर्माण, पूर्वाधार विकास लगायतका गाउँपालिकाको विकासमा केही जग बसाउने काम भएको छ । यसमा सहयोग गर्ने सबैमा हार्दिक धन्यबाद दिन चाहन्छु ।

स्थानीय सरकार जनताको त्याग र वलिदानबाट प्राप्त महत्वपूर्ण तथा ऐतिहासिक उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त गाउँपालिका निर्माण तथा सभ्य र सुसंस्कृत समाज एवं आफ्नो कर्तव्य प्रति दृढ रहनु बडीकेदार गाउँपालिकाको आदर्श तथा लक्ष्य रहदै आएको छ । गाउँपालिकाको अधिकार, सिमित श्रोत साधन, उत्तरदायी, पारदर्शिता र जनता प्रति जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा २०७३ सालमा स्थापित बडीकेदार गाउँपालिकाको आर्थिक, पर्यटकीय, सामाजिक, भौतिक पूर्वाधार एवं सांस्कृतिक रुपमा विकास गरी आर्थिक समृद्धि र सबै नागरिकले स्थानीय स्तरमा लोकतन्त्रको अभ्यास गर्न पाएका छन् । स्थानीय सरकार नागरिकका घरदैलोको सरकारको रुपमा रहदै आएको र हरेक सुखदुखको सहयात्रीको रुपमा हरेक पल नागरिकको समृद्धि र विकासका लागि काम गरी रहेको कुरो सबैमा अवगत नै छ ।

राज्यको पुर्नसंरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको सांगठनिक संरचना र तीन वटै सरकारको अधिकार, काम, कर्तव्य संविधानत:: निर्दिष्ट गरिएका छन् । संविधानले अनुसुचि ८ र ९ मा तोकेका एकल तथा साझा अधिकार क्षेत्र भित्र रही संघीय सरकार र प्रदेश सरकारले लिएको नीति नियम समेतलाई दृष्टिगत गरी बडीकेदार गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरेको छ ।

बडीकेदार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडीकेदार, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

अब म यो आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. नेपालको संविधान (२०७२)

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४

४. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

५. प्राकृतिक स्रोत तथा वित्त व्यवस्थापन ऐन, २०७४

६. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

७. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

८. नेपाल सरकारको सोहौं योजना

९. दिगो विकासका लक्ष्यहरु

१०. संघ तथा प्रदेशबाट निर्धारित विभिन्न नीति, कानुन, दिग्दर्शन लगायतका व्यवस्थाहरु ।

उपरोक्त व्यवास्थाहरुलाई आधार मानि विभिन्न चरणहरूको सहभागितामूलक प्रक्रियाबाट यो आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**वजेटका प्राथमिकताका आधारहरु**

(१) गरिवी न्यूनिकरण, रोजगारी सृजना र आय आर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याउने योजनाहरु ।

(२) क्रमागत, उत्पादनमूलक र दिगो प्रतिफल दिने योजना ।

(३) आन्तरिक राजश्व वृद्धि र परिचालनमा योगदान पुर्‍याउने योजनाहरु ।

(४) स्थानीय श्रोत, साधन, श्रमसिप र प्रविधिमा आधारित योजनाहरु ।

(५) सहभागितामूलक योजनाहरु ।

(६) लैङ्गिक समानता सामाजिक समावेशीकरण अभिवृद्धि हुने योजनाहरु ।

(७) दिगो विकास वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्‍याउने योजनाहरु

(८) सेवा प्रवाह संस्थागत क्षमता विकास र सुशासनमा योगदान पुर्‍याउने योजनाहरु ।

(९) स्थानीय सस्कृति र पहिचान झल्कने योजनाहरु ।

(१०) चालु आ.व.मा वजेट विनियोजित भएका र विभिन्न कारणले सम्पन्न हुन नसकेका योजनाहरु ।

(११) दुर्गम, पिछडिएका र पूर्वाधार विकास कम पुगेका क्षेत्रहरुका योजनाहरु ।



भैरव बहादुर साउँद
अध्यक्ष

अव म बडीकेदार गाउँपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम एवं बजेट कार्यान्वयनका अवसर, विद्यमान चुनौती तथा प्राथमिकताका आधारहरु प्रस्तुत गर्दछु ।

**विद्यमान अवसरहरूः**

१. संविधानतःअधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु ।

४. गाउँपालिकाभित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

६. सडक निर्माणमा भएको लगानीसंगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजारसम्मको पहुँच स्थापित हुनु ।

७. घरहरूको निर्माणमा भवन संहिता पालना हुने क्रम बढनु तथा नक्सा पास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

१. रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।

२. बजारको सूचना कृषकलाई समयमानै उपलब्ध गराउनु ।

३. गुणस्तरीय बीउबिजन⁄मलखाद समयमा नै उपलब्ध गराउनु ।

४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।

५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।

६. वैदेशिक रोजगारीबाट फर्केका सीपयुक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु ।

७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ ,बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु ।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ती विकास गर्नु ।

११. बैज्ञानिक,जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु ।

१२. सञ्चार सेवाप्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

१३. प्राकृतिकस्रोत तथा नदिजन्य पदार्थ (ढुंगा,गिट्टी .) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

१४. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वियन गर्नु ।

संविधानले विस्तृत रुपमा राजनैतिक, समाजिक साँस्कृतिक लगाएतका अधिकारलाई मौलिक हकको रुपमा प्रत्याभुत गरेको छ । स्थानिय सरकारले नीति निर्माण तथा कार्यान्वयन गर्दा नागरिकका ति अधिकार र आपार सम्भावनालाई सम्बर्द्धन र थप प्रबर्द्धन गर्नु पर्दछ । यसकारण नेपालको संबिधानले व्यवस्था गरेका नागरीक स्वतन्त्रता र सम्मान, असल शासन र जवाफदेहिता, सहज र प्रभावकारी सेवा प्रवाह, नीतिगत कानूनी तथा संस्थागत क्षमाता विकास, श्रोतको उचित व्यवस्थापन, समन्वय, सहकार्य र साझेदारी, समाजिक तथा सांस्कृतिक रुपान्त्रण, सुचना प्रविधिको प्रयोग, नागरीक सम्बन्ध र जनसहभागीतालाई आत्मसाथ गर्दै संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहको लागि सुनिश्चित गरेका स्वाध्य, शिक्षा, कृषि उद्यम र रोजगारी स्थानीय



भैरव बहादुर साउँद
अध्यक्ष

पूर्वाधार सेवा प्रवाह लागायत क्षेत्रमा यस गाउँपालिकाको आगामी आ.व. २०८३/२०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्षको अन्त्यमा बडीकेदार गाउँपालिकाले देहायका विषयगत क्षेत्रमा निम्नानुसारको अपेक्षित उपलब्धी हासिल गर्ने दिशामा तिव्रतर गतिमा अगाडी बढेको हुने छ ।

## आर्थिक विकास

१ कृषि उत्पादनमा वृद्धि बडीकेदारको समृद्धि, कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउदै बडीकेदार गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रको योगदान पुर्याइनेछ। गाउँपालिकामा खाद्यान्न, तरकारी, फलफूल, नगदेबाली, स्थानिय रैथानेबालीको प्रवर्द्धन तथा व्यवसायीकरणका लागि प्रोत्साहन गरिनेछ।

२ विभिन्न बालीहरुको उत्पादन तथा उत्पादकत्वको अवस्था पत्ता लगाउन बाली कटानी कार्यक्रम संचालन गरिनेछ।

३ किसान सूचिकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याई कृषकहरुलाई किसान परिचय पत्र वितरण एंवम कृषकहरुको अनुदानका कार्यक्रममा पहुँच बढाईने छ।

४ नगदे बालीको उत्पादन तथा उत्पादकत्त्व वृद्धि गर्ने उद्देश्यले स्थापना भएका पकेट क्षेत्रहरुलाई निरन्तरता दिईनेछ।

५ राष्ट्रिय फल सुन्तलाको क्षेत्र विस्तार गरि उत्पादन तथा उत्पादकत्त्व वृद्धि गरिने छ।

६ कृषकहरुको पोषण तथा जिविकोपार्जनको अवस्थामा सुधार ल्याउनको लागि यस गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा पोलिहाउसको निर्माण गरि कृषकहरुलाई व्यवसायीक तरकारी खेतीमा प्रोत्साहन गरिनेछ।

७ बडीकेदार गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास रणनीति निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

८ यस गाउँपालिका भित्रका कृषक, कृषक समुह, कृषि सहकारी तथा फर्महरुको मागको आधारमा खाद्यान्न, तरकारी, फलफुल, नगदेबाली विशेष अनुदान तथा प्रोत्साहन दिइनेछ ।

९ कृषकको ज्ञान, सिप र दक्षता वृद्धि गर्न विभिन्न तालिम तथा गोष्ठीहरुको सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

१० बाँझो जग्गालाई सदुपयोग गरि रोजगारी सृजना गर्ने उद्देश्यले युवा लक्षित कार्यक्रम संचालन गरिनेछ।

११ कृषि सम्बन्धि कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि विभिन्न सरोकारवाला निकायहरुसँग सहकार्य साझेदारीमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

१२ कृषि क्षेत्रको आधुनिक विकासको लागि कृषकको आवश्यकताका आधारमा कृषि विउविजन तथा साम्रागीहरुमा अनुदानको व्यवस्था मिलाइनेछ।

१३ कृषकहरुलाई विभिन्न प्रविधि तथा व्यवहारिक सिकाइ सम्बन्धि ज्ञान दिने उद्देश्यले विभिन्न प्रविधि प्रदर्शनी कार्यक्रम संचालन गरिनेछ ।

१४ बालीनालीमा क्षति पुर्याउने रोग किराको व्यवस्थापन गर्न गाउँपालिकाबाट विभिन्न ठाउँमा बाली शिविर संचालन तथा जैविक तथा रसायनिक विषादीको वितरणको व्यवस्था मिलाइनेछ।

१५ पशुपन्छी उपचार सेवामा कृषकको सहज पहुँचको लागि प्रत्येक वडामा रहेका सामुदायिक पशु सेवाकेन्द्र हरुको लागि औषधिको व्यवस्था गरिने छ।

१६ कृषि तथा पशुपन्छी तर्फको आकस्मिक विपद व्यवस्थापन तथा राहतको लागि पशु बिमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।

१७ मागमा आधारित पशुपन्छी विकास कार्यक्रमहरु अगाडी बढाईने छ।

१८ कृत्रिम गर्भाधान सेवा संचालनको लागि पहल गरिने छ र नश्ल सुधार कार्यक्रमलाई जोड दिईनेछ।

१९ २०पशुपालनमा आवश्यक पर्ने पशु आहारको लागि एक वर्षीय र बहुवर्षीय घाँसहरुको व्यवस्था गरिने छ।

२० कृषि तथा पशुपन्छी तर्फको आकस्मिक विपद व्यवस्थापन तथा राहत कार्यक्रमको लागि पहल गरिने छ।

२१ पशुसेवा शाखा र सहयोगी सँस्थाहरुको साझेदारिमा आवश्यकता अनुसार पशु स्वास्थ्य शिविर र जनचेतनामुलाक घुम्ति कार्यक्रमहरु सञ्चालन गरिने छ।

२२ पशुपन्छी क्षेत्रको सम्पूर्ण विवरणहरु संकलन गरी प्रोफायल तयार गरिने छ।

२३ पशुपन्छी तर्फ भएका गतिविधि तथा समस्याहरुको अनुगमन तथा अनुसन्धान गरी आइपरेका समस्याहरुको पहिचान गरि समाधान गरिने छ।

२४ २५भेडा बाख्राको लागि माहामारिजन्य पि.पि.आर रोग, गाई भैंसीको लागि खोरेत रोग र कुकुर बिरालोमा रेविज रोग विरुद्ध खोप सेवा संचालन गरिने छ।

२५ बाँझो जग्गालाई उपयोगमा ल्याई कृर्षिजन्य उत्तपादन वृद्धि गर्न व्यवसायीक खेती नगदेवाली घाँसखेती लगायतका अन्य जडिवुटी प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

२६ कृषक तथा पशुपालक किसानलाई कृषि कार्यक्रम प्रति आकर्षित गर्न तथा अपनत्व महशुस गराउन कृषि कार्यक्रमलाई लागत साझेदारीको आधार कार्यक्रम लागु गरिने छ।

२७ कृषकहरुको क्षमता विकास तथा नयाँ प्रविधि सम्बन्धि जानकारी दिन तालिम अन्तरक्रिया गोष्ठी दिवस तथा अध्ययन अवलोकन जुता कार्यक्रमको तर्जुमा गरिने छ।

२८ कृषकहरुको आय आजर्न वृद्धि गर्नका लागि उपलब्ध श्रोत र साधनको प्रयोग गरि सिचाई सुविधा नपुगेको वस्ती तथा टोलहरुमा साना सिचाई कार्यक्रम अन्तर्गत सिचाई कूलो, नहर, पोखरी जस्ता पूर्वाधार निर्माण कार्यलाई अगाडी वढाईने छ ।

२९ उद्योग तथा व्यापार प्रवर्द्धनका लागि निजिक्षेत्रसंग समन्वय गरी आवश्यक कानुनी तथा अन्य व्यवस्थापन गरिने छ ।

३० बजार अनुगमनलाई नियमित तथा शसक्त बनाई गुणस्तरहीन एव म्याद नाघेका वस्तुहरुको बिक्री बितरणलाई रोकी कालोबजारी नियन्त्रण गरिने छ ।

३१ वन तथा वनस्पतिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु स्थापना गरी आय आर्जनमा बढाबा दिन प्रोत्साहन गरिने छ ।

३२ एक बडा एक व्यवसायिक आरनको नीतिलाई निरन्तरता दिदै सेवामूलक उद्योग स्थापनामा जोड दिईनेछ ।

३३ बडीकेदार गाउँपालिका भित्रका सम्भाव्य पर्यटकीय क्षेत्रहरुको सांस्कृतिक जगेर्ना गर्दै भौतिक पूर्वाधारहरुको विकास एंव दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ । साथै पर्यटन उद्योगबाट रोजगारीको सृजना गर्दै लगिनेछ ।

३४ पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन सक्ने मेला, महोत्सव, ऱ्याली तथा अन्य प्रचार प्रसारका कार्यक्रमहरुको आयोजना गरिनेछ ।

३५ गाउँपालिको केन्द्रदेखि गाउँपालिका भित्रका प्रमुख पर्यटकीय क्षेत्रहरुसम्म पुग्न सकिने पर्यटन मार्गहरुको निर्माण गरिनेछ ।

३६ प्रसिद्ध धार्मिक स्थल वडीकेदारको प्रचार प्रसार एवं पर्यटनहरुको सुविधाका लागि आवस्यक व्यवस्था मिलाईनेछ ।

३७ पालिका भित्र रहेका धार्मिक, ऐतिहासिक, पुरातत्वयीक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिईनेछ ।

३८ अल्लो उद्योग व्यवसायलाई प्रबर्धन गर्न निरन्तरता दिइनेछ

३९ गरिबी निवारण र उद्यम विकासका लागि सिपमुलक तालिमहरू सञ्चालन गरी सहभागिहरूलाई एड्भान्स तालिम दिइनेछ, साथै उद्यमशिलता विकास तालिम अनिवार्य गरिनेछ।

४० आफ्नै स्थानमा उद्यम गर्न चाहनेहरूलाई विशेष अनुदान र प्रोत्साहन दिई एक घर एक उद्यमी तथा एक वडा एउटा व्यवसाय सञ्चालन गरिनेछ।

४१ स्थानीय कच्चापदार्थको प्रयोग गरी लक्षित वर्गका लागि सिपमुलक तालिम दिइनेछ र स्थानीय उत्पादनलाई प्राथमिकता दिँदै बजारीकरण तथा रोजगार सिर्जना गरिनेछ।

४२ गैरसरकारी संस्था र सरोकारवालासँग सहकार्य गरी उद्यम विकास र रोजगार सिर्जनाका लागि योजनाहरू बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

४३ सहकारी संस्थाहरुको सहकार्यमा उत्पादन, प्रशोधन र बजारिकरणमा जोड दिइनेछ ।

४४ यस गाउँपालिका भित्र रहेका सहकारीहरुलाई पालिकाको मातहतमा ल्याई नियमित अनुगमन, निरिक्षण गरि नियमन गरिनेछ ।

४५ पालिका भित्र रहेका सहकारीहरुलाई सूचीकृत गरि त्रैमासिक रुपमा प्रतिवेदन बुझाउन अनिवार्य गरिने छ र उत्कृष्ट सहकारी संग साझेदारी कार्यक्रम संचालन गरिने छ ।

४६ रोजगार सिप तथा उद्यमशिलता केन्द्र अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरूलाई उत्पादनमूलकल क्षेत्रमा उपयोग गर्ने कार्यक्रम संचालन गरिने छ ।

४७ वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागी कृषि, पशुपालन, पर्यटन, वन तथा लघुउद्यम क्षेत्रमा रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

४८ सीप भएका बेरोजगार युवाहरूको विवरण संकलन गरी निजी क्षेत्र, सहकारी तथा अन्य रोजगारदातासँग समन्वय गरी रोजगारमा आबद्ध गराइनेछ ।

४९ श्रमको सम्मान र सामाजिक प्रतिष्ठा अभिवृद्धिका लागि "श्रमको सम्मान, राष्ट्रको अभियान" अन्तर्गत विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५० सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारी सम्बन्धी जानकारी गाउँपालिकाका सबै नागरिकसम्म पुऱ्याइ वैदेशिक रोजगारीका क्रममा हुन सक्ने ठगी, शोषण तथा जोखिम न्यूनीकरणका लागि प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५१ वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप, अनुभव तथा पूँजीलाई स्थानीय प्रविधिको उपयोग गरी स्थानीय तहमा उद्यम विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५२ विद्यालय तथा समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि जनचेतना मुलक अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५३ वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूको तथ्याङ्क व्यवस्थापन तथा नियमित अद्यावधिक गरि वैदेशिक रोजगारीका क्रममा तथा त्यसपश्चात् श्रमिक र तिनका परिवारमा देखा पर्न सक्ने मानसिक, सामाजिक, भावनात्मक तथा पारिवारिक समस्याहरूको सम्बोधन गर्दै स्वस्थ, सुरक्षित र सम्मानजनक जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी र पहुँचयोग्य बनाइनेछ ।

५४ वैदेशिक रोजगारीमा जान इच्छुक व्यक्ति, वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवार तथा फर्किएका आप्रवासी श्रमिकहरूलाई लक्षित मनोसामाजिक परामर्श सेवा नियमित रूपमा सञ्चालन गरिनेछ ।

५५ वैदेशिक रोजगारीका कारण उत्पन्न हुने मानसिक तनाव, चिन्ता, पारिवारिक विछोड, सामाजिक समस्या तथा भावनात्मक असर न्यूनीकरण गर्न आवश्यक परामर्श तथा सहयोग सेवा उपलब्ध गराइनेछ ।

५६ सामी कार्यक्रम अन्तर्गत प्रदान गरिने सूचना तथा परामर्श सेवासँग मनोसामाजिक परामर्शलाई एकीकृत गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

५७ आत्महत्या रोकथाम, मानसिक स्वास्थ्य प्रवर्द्धन, तनाव व्यवस्थापन तथा सकारात्मक जीवन सीप विकास सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।



भैरव बहादुर साउँद
अध्यक्ष

५८ विद्यालय, समुदाय, महिला समूह, युवा क्लब,स्वास्थ्य संस्था,महिला स्वास्थ्य स्वयम सेविका तथा सरोकारवाला निकायहरूसँग समन्वय गरी मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५९ मनोसामाजिक समस्या पहिचान भएका व्यक्तिहरूलाई मनोसामाजिक परामर्श प्रदान गरि आवश्यकता अनुसार विशेषज्ञ तथा सम्बन्धित सेवा प्रदायक निकायमा सिफारिस गर्ने व्यवस्था मिलाइनेछ।

६० घरेलु हिंसा, लैङ्गिक हिंसा, सामाजिक विभेद तथा वैदेशिक रोजगारीबाट सिर्जित अन्य सामाजिक समस्याबाट प्रभावित व्यक्तिहरूलाई आवश्यक मनोसामाजिक सहयोग प्रदान गरि समुदायस्तरमा मानसिक स्वास्थ्यप्रति रहेको नकारात्मक धारणा, भ्रम तथा सामाजिक कलंक न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

६१ सामी कार्यक्रममार्फत मनोसामाजिक परामर्श सेवा सम्बन्धी अभिलेखीकरण, तथ्याङ्क व्यवस्थापन तथा सेवा प्रभावकारिताको नियमित गरिनेछ।

६२ मनोसामाजिक परामर्श सेवालाई गाउँपालिकाका सबै वडासम्म विस्तार तथा सेवाग्राहीको सहज पहुँच सुनिश्चित गर्दै "सुरक्षित आप्रवासन, सुखी परिवार र स्वस्थ समाज" को अवधारणालाई आत्मसात गर्दै मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई स्थानीय विकासको महत्वपूर्ण आधारका रूपमा प्रवर्द्धन गरिनेछ।

६३ आम करदाता र कर प्रशासनबीच इमानदारी, पारदर्शिता र सदाचारिता कायम गर्दै करदाता साक्षरता अभियान सञ्चालन गरिनेछ; सबै कर तथा गैर कर राजस्व अनलाइन प्रणाली मार्फत संकलन गरी प्रणाली सुदृढ बनाइने छ।

६४ म्याद गुज्रिएका खाद्य सामग्री, अत्यधिक विषादी, र अवैध व्यवसाय नियन्त्रण गर्न व्यवसाय दर्ता र नविकरणलाई कानुनी दायरामा ल्याई प्रभावकारी अनुगमन गरिनेछ।

६५ सामुदायिक वनको तथ्याङ्क संकलन गरी स्थानीय सरकार सञ्चालन ऐनअनुसार राजस्व दायरा विस्तार गरिनेछ; राजस्व संकलनको आधारमा वडा कार्यालयलाई बजेट विनियोजन गरिने नीति लागू गर्न आधारहरु तय गरिनेछ।

६६ बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ।

६७ आन्तरिक राजस्व अभिवृद्धिका लागि नयाँ कर सम्भाव्य क्षेत्रहरूको पहिचान गरिनेछ।

## सामाजिक विकास

६८ आधारभूत स्वास्थ्य सेवालाई सबै नागरिकको पहुँचमा पुऱ्याउँदै, ९८ प्रकारका औषधी वर्षभर निःशुल्क उपलब्ध गराइनेछ; स्वास्थ्य संस्थाहरूलाई न्यूनतम सेवा मापदण्डअनुसार सञ्चालन गरी गुणस्तर कायम गरिनेछ।

६९ गाउँपालिकास्तरको अस्पतालमा नियमित चिकित्सकीय सेवा, भिडियो एक्सरे, ल्याब, ईसीजी, शल्यक्रिया र फार्मेसी सेवा उपलब्ध गराइनेछ; स्वास्थ्य चौकी, बर्थिङ सेन्टरको भौतिक पूर्वाधार सुधार गरिनेछ।

७० ६० वर्षमाथिका वृद्ध, दीर्घरोगी, महिला, किशोरी र बालबालिकाको स्वास्थ्य सुधारका लागि विशेषज्ञ सेवा, पोषण सुधार कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना, सुनौलो १००० दिन कार्यक्रम सञ्चालन गरिनेछ।

७१ पोषण लेखाजोखा, स्क्रिनिङ, उपचार, O.T.C. केन्द्र विस्तार र आगामी तीन वर्षमा पोषणमैत्री पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ।

७२ महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि चाडपर्व खर्च, योगदानमा आधारित कार्यक्रम तथा उत्कृष्ट स्वास्थ्यकर्मी/स्वयंसेविका सम्मान गरिनेछ।

७३ पाठेघर क्यान्सर जाँच, उपचार, अप्रेशन सहायता लगायत महिला प्रजनन स्वास्थ्य सेवामा जोड दिइनेछ।

७४ WIFI जडानसहित सबै स्वास्थ्य संस्थामा अनलाइन रिपोर्टिङ र सञ्चार व्यवस्थापन गरिनेछ; वार्षिक समीक्षा प्रणालीमार्फत सेवा गुणस्तर सुनिश्चित गरिनेछ।

७५ सुत्केरी महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

७६ आयुर्वेद स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक, योग शिविर तथा योग हलमार्फत वैकल्पिक चिकित्सा सेवा र स्वास्थ्य जीवनशैली प्रवर्द्धन गरिनेछ ।

७७ सर्वसाधारणलाई आयुर्वेद उपचार पद्दतिमा जनचेतना जगाई रोगथाममुखी कार्यक्रम सञ्चालन गरि सहज र गुणस्तरिय सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

७८ प्रत्येक टोल वस्तीहरुमा आयुर्वेद सम्बन्धि नि:शुल्क स्वास्थ्य जाँच, परामर्श सेवा तथा शिविर संचालन गरिने छ ।

७९ योग तथा ध्यान सम्बन्धि जनचेतनामुलुक कार्यक्रम संचालन गर्ने ।

८० पोषण अबस्थामा सुधार ल्याउनका लागि बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनमा ल्याईने छ। साथै गाउँपालिकामा सुनौला हजार दिनका महिला,वालवालिका र किशोरीमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउन बहुक्षेत्रिय पोषण योजनालाइ प्राथमिकताका साथ लागु गरिने छ । साथै सुनौला १००० दिनका महिलाहरुको पोषण सुधारका लागी उपाध्यक्ष सगँ कोशेली कार्यक्रम पनि संचालन गरिनेछ ।

८१ पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका साथै पोषण मैत्री वडा घोषणाका लागी आवश्यक कृयाकलाप सञ्चालन गर्नका साथै पोषण मैत्री स्थानिय तह घोषणाका सुचकहरु पूरा गर्न बजेट र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ |

८२ विध्यालय तथा समुदायमा खानेपानी परिक्षण तथा पूर्ण सरसफाई ( WASH ) कार्यक्रमलाई प्रबर्दन गरिनेछ ।

८३ सुनौला हजार दिनका महिला तथा वालवालिकाहरुको पोषण अबस्थामा सुधारका लागि प्रत्येक सुनौला हजार दिनका महिलाहरुको घरधुरीमा एक घर एक पोषण करेसाबारी ( बगैचा ) निर्माण अभियान सञ्चालन गरिनेछ।

८४ पालिका भित्रका रैथाने बाली ( कोदो,भटमास,गहत,सिमी ) को उत्पादन र उपभोग बढाई खाध्य सुरक्षा सुनिश्चत गर्नका साथै ब्यवसायिक ब्राण्डिङ,प्रचार प्रसारका लागि पहल तथा प्रोत्साहन गरिनेछ।

८५ बडीकेदार गाउँपालिकाको प्रतिबद्धता नि:शुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पहुँचमा सुनिश्चितता" मूल नाराका साथ बालमैत्री विद्यालय वातावरण निर्माण गर्दै आधारभूत शिक्षालाई सामुदायिक विद्यालय मार्फत क्रमश: अनिवार्य निशुल्क र माध्यमिक शिक्षालाई निशुल्क गरिनेछ।

८६ गाउँपालिका भित्र आवाशीय विद्यालय संचालन अनुदान लिई सञ्चालनमा रहेका विद्यालयलाई थप व्यवस्थित गर्दै शैक्षिक गुणस्तर सुधार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८७ गाउँपालिका क्षेत्र भित्र सञचालित सामुदायिक विद्यालय तथा बालविकास केन्द्रमा रहेको विद्यार्थी संख्याको अनुपात तथा विद्यालयमा रहेका विषयगत शिक्षक दरबन्दीको आधारमा शिक्षक दरबन्दी मिलान र पालिकाको भुगोल तथा विद्यालय सम्मको दुरीलाई मध्यनजर गरी विद्यालय तथा बालविकास केन्द्र समायोज गरिने छ ।

८८ विद्यालय अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन पालिकामा विषयगत शिक्षकहरुको समूह निर्माण गरी नमूना शिक्षण र आवश्यक पृष्ठपोषण सहितको विद्यालय अनुगमन तथा सुपरीवेक्षण गर्ने कार्य सञ्चालन गरिनेछ ।

८९ बडीकेदार गाउँपालिकाको कक्षा ६-८ को बडीकेदार सेरोफेरो नामक स्थानीय पाठ्यक्रमलाई आवश्यक परिमार्जन सहित पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

९० पालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

९१ वृहत विद्यालय सुरक्षा योनामा आधारित भई विद्यालयको विपद् प्रतिकार्य योजना निर्माण र हरित विद्यालय कार्यक्रमलाई कार्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ ।

९२ विद्यालय तथा समुदायस्तरमा लागु पदार्थ दुर्व्यसनी, बालविवाह, छुवाछुत, छाउपडी, सामाजिक विकृति र विसंगती लगायतका सामाजिक समस्यहरुको न्युनीकरण गर्न विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९३ खेलकुदलाई एकताको सन्देशसँग जोड्दै विद्यालय, वडा तथा पालिकास्तरमा खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

९४ सवै विद्यालयमा उपलब्ध ICT सामग्रीलाई विद्यार्थी सिकाइसँग जोड्नको लागि शिक्षक क्षमता विकास र ICT ल्याव सुदृढीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

९५ पालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्र मार्फत विद्यालय बाहिर रहेका आधारभूत तह विद्यालय उमेर समूहका ५ बर्ष देखि १२ बर्षसम्मका सवै बालबालिकाहरुको तथ्याङ्क संकलन गर्न लगाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गरी अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितता वडा तथा पालिका घोषण कार्यक्रम सञ्चालन गरिनेछ ।

९६ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा मनाइदै आएका विभिन्न दिवसीय (महिला हिंसा विरुद्ध, अपाङ्गता दिवश, नारी दिवश आदि) कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९७ बालिका तथा समावेशी शिक्षा संञ्जाललाई पुर्ण रुपमा कार्यान्वयनमा ल्याई समावेशी शिक्षा सम्बन्धि कार्यक्रमको व्यवस्था गरिने छ ।

९८ समाजमा विद्यमान वालबिवाह, घरेलु हिंसा, छाउपडी,लागुपदार्था दुर्व्यसनी जस्ता सामाजिक कुप्रथा सम्वन्धि सचेतिकरण तथा महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

९९ पालिका भित्र रहेका लक्षित वर्ग र पिछडिएका व्यक्तिहरुको लागी सिपमुलक तथा क्षमता अभिवृद्धि सम्वन्धि कार्यक्रम सञ्चालन गरिने छ ।

१०० अपाङ्गता भएका व्यक्तिहरुका लागि अधिकार र सेवा सुविधा सम्वन्धि कानूनी व्यवस्था लगायत विभिन्न क्षमता विकास कर्यक्रम सञचालन गरिने छ ।

१०१ स्वयमसेविका र जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालनलाई निरन्तरता दिई आगामी वर्षहरुमा समेत नियमित सञ्चालन गरिने छ ।

१०२ प्रारम्भिक समन्वय बैठक गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सरोकारवालासँग छलफल गरी कार्ययोजना निर्माण गरिने छ ।

१०३ अवस्था विश्लेषण तथा संकलन : हालका निति, निर्देशनका तथा कार्यविधिको अध्ययन, अपाङ्गता भएका व्यक्तिहरुसँग परामर्श, वडा स्तरमा आवस्यकता पहिचान गरिने छ ।

१०४ GEDSI नीति मस्यौदा निर्माण : सरोकारवालासँग परामर्श, समावेशी नीति मस्यौदा तयार तथा सुझाव संकलन र परिमार्जन गरिने छ ।

१०५ आर्थिक, सामाजिक, भौतिक तथा शारीरिक रुपमा पिछडिएका वर्गहरुलाई सहज रुपमा सेवा प्रवाह नीति निर्माण गरि पहुँच युक्त सेवा सम्बन्धि व्यवस्था समावेश गरिने छ ।

१०६ अपाङ्गता सहायता कक्ष कार्यविधि निर्माण : सहायता कक्षको संरचना, जिम्मेवारी तथा सेवा प्रक्रिया निर्धारण तथा गुनासो व्यवस्थापन प्रणाली विकास कार्यक्रम गरिने छ ।

१०७ परिचयपत्र वितरण निर्देशिका संशोधन : कानूनी प्रावधान अध्ययन वितरण प्रक्रियामा सरलीकरण, डिजिटल अभिलेखीकरण तथा प्रोफाईल निर्माण गरिने छ ।

१०८ क्षमता विकास तालिम : जनप्रतिनिधि तथा कर्मचारीहरुलाई नीति निर्माण सहभागिमुलक बनाउन अपाङ्गता समावेशीकरण अभिमुखिकरण तालिम सञ्चालन गरिने छ ।

१०९ बडीकेदार गाउँपालिकाको ५ वटै वडामा ब्यक्तिगत घटना दर्ता सप्ताह लाई थप प्रभावकारि बनाईने छ ।

११० बडीकेदार गाउँपालिका को ५ वटै वडा बाट भईरहेको भत्ता वितरण कार्यलाई निरन्तरता गरिने छ ।

१११ यस गाउँपालिका मा रहेका सामाजिक सुरक्षा रकम प्राप्त गर्ने लाभग्राहि हरु लाई बायोमेट्रिक भेरिफिकेसन कार्यक्रममा समावेस गर्नका लागी र सामाजिक सुरक्षा रकम वितरण मा सहजता ल्याउनका लागी जोड दिईने छ ।

११२ सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहि हरु लाई अनिवार्य बायोमेट्रिक हुनु पर्ने नेपाल सरकारको निति भएको ले ५ वटै वडा र पालिका मा बायोमेट्रिक डिभाईस र (IRIS)डिभाईसको खरिद गरि लाभग्राहिहरुको नविकरण तथा भत्ता वितरण कार्यलाई सहज गराईने छ ।

११३ वडा तथा पालिकामा कार्यरत कर्मचारी हरुको क्षमता विकास तालिम संचालन गरिने छ ।

११४ वडा स्तरमा गई पाईपर्ने स्थान मा नविकरण सिविर हरु संचालन गरिने छ ।

११५ सरोकारवाला निकाय हरु संग बैठक तथा छलफल कार्यक्रम लाई निरन्तरता गरिने छ ।

११६ समुदाय स्तर मा जनचेतना मुलक कार्यक्रमहरु लाई जोड दिईने छ ।

११७ कर्मचारी तथा पदाधिकारीहरुलाई उत्कृष्ट काम गरिरहेका गैर सरकारी संस्थाहरुको कार्य क्षेत्रमा भ्रमण गराई असल अभ्यास आदान प्रदान गर्ने तथा नयाँ विधि, प्रविधिहरुको ज्ञान दिन अवलोकन भ्रमणको आयोजना गरिनेछ ।

११८ जलवायु मैत्री कृषि प्रणाली तथा पशुपन्क्षि क्षेत्रको विकासका लागि आवश्यक वजेटको व्यवस्था गरिएकोछ । यस गाउँपालिकामा अन्य संघ संस्थाहरुको लगानीमा समेत कृषि तथा पशुपन्क्षि विकास कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

११९ यस गाउँपालिकालाई कार्य क्षेत्र बनाई विभिन्न क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरुसंग साझेदारीमा कार्यक्रम संचालन गरिने छ साथै अनुगमन तथा मूल्याङ्कनको पाटोलाई प्राथमिकतामा राखिने छ ।

१२० गाउँपालिकाका सबै वडाका खानेपानी उपभोक्ता समिति र मुहान अनिवार्य दर्ता गरिनेछ।

१२१ खानेपानी तथा सरसफाई व्यवस्थापनका लागि सरकारको N–WASH MIS प्रणालीमा नियमित सूचना अद्यावधिक गरिनेछ।

१२२ सबै नागरिकलाई सुरक्षित खानेपानी र सरसफाईको पहुँच सुनिश्चित गर्दै जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। उपभोक्ता समितिहरूको क्षमता विकास गरिनेछ र वडामा गुणस्तर परीक्षण समेत हुनेछ।

१२३ मुहान संरक्षण र फोहोर मैला व्यवस्थापनका आवश्यक कदम चालेर गाउँपालिका पूर्ण रूपमा सरसफाई उन्मुख बनाईनेछ।

१२४ सुनौला हजार दिनका महिला, बालबालिका र किशोरीमा हुने कुपोषण न्यूनीकरणका लागि बहुक्षेत्रीय पोषण योजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ, र उपाध्यक्षसँगको "कोशेली कार्यक्रम" समेत सञ्चालन गरिनेछ ।

१२५ पोषणमैत्री स्वास्थ्य संस्था र वडा घोषणाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ, साथै आगामी तीन वर्षभित्र पोषणमैत्री पालिका घोषणा गर्न पहल गरिनेछ।

१२६ पूर्ण सरसफाइयुक्त टोल तथा वडा घोषणाका लागि आवश्यक गतिविधि सञ्चालन गरिनेछ।

१२७ कुपोषणको अवस्था पहिचान र व्यवस्थापनका लागि मासिक पोषण लेखाजोखा गरिनेछ, र आवश्यकता अनुसार स्वास्थ्य संस्थामा ओ.टी.सी. केन्द्रहरू स्थापना गरिनेछ।

१२८ बालविवाह न्यूनीकरणका लागि विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२९ भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी, मोही किसान, गुठीका मोही किसान, बृत्ता किसान किसान , महिला किसान तथा साना किसानका भुमिसँग जोडिएका समस्या समाधान गर्न आवस्यक नीतिगत, आर्थिक, कानुनी तथा संगठानिक व्यवस्थापन गरि एवं सम्बन्धित संस्थाहरुसँग सहकार्य समन्वय गरी भुमिहीन र अव्यवस्थित बसोबासीको भुमि अधिकारको सुनिस्चितता, सबै जमिनको बर्गिकरण गरि कृर्षियोग्य भुमिको संरक्षाण एवं उपयोग, समानताको आधारमा भुमिमा महिलाको अधिकार सुनिश्चित, गरिब भूमिहीन र सीमान्तकृत अति विपन्न परिवारलाई परिचय पत्र र रासनको व्यवस्था, द्वैध स्वामित्वको अन्त्य

गर्ने प्रवन्ध, मोही समस्या सामाधान, गुठी समास्या सामाधान, निजि, संस्थागत र सराकारी बाँझो खेति योग्य जमिन प्राथमिकताको आधारमा लिजमा दिने प्रवन्ध मिलाउने जस्ता सम्पुर्ण समस्याको सामाधान गर्न प्राथमिकताका साथ कार्य गरिने छ । सो समस्या समाधानको लागि लगत संकलन, प्रमाणिकरण, जग्गा नापी आदि कार्य सम्पन गरी भूमि सम्बन्धि समस्या सामाधान आयोगसँग सहकार्य गरिनेछ ।

१३० नेपाल सरकारको आगामी आवको बजेटमा स्थानीय तहमा भूमि बैंकको अवधारणा लागु गर्ने सम्बन्धमा आवश्यक कानुनी प्रबन्ध गर्ने र आगामी आवमा कम्तिमा १ सय ओटा स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने व्यवस्था गरेकोले यो अवसरलाई सदुपयोग गर्दै भूमि बैंक स्थापना र सञ्चालन गर्न आवश्यक नीतिगत तथा कानुनी प्रबन्ध गरि सो स्थापनाका लागि नेपाल सरकारसँग आवस्यक समन्वय एवं अनुरोध गरिनेछ।

१३१ कुनै पनि व्यक्तिले कृषि योग्य व्यक्तिगत जग्गा बाँझो राख्न पाइने छैन् ।

१३२ गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि विशेष पहल गरिनेछ । ऐलानी/पर्ति जग्गाको लगत लिई संरक्षणको कार्यलाई अगाडि बढाइनेछ र उक्त जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्ने योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ ।सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको करको दायरामा ल्याईने नीति लिईनेछ ।

१३३ जलवायु परिवर्तनबाट सिर्जित जोखिम न्यूनीकरण, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, जलाधार संरक्षण, सुरक्षित खानेपानी तथा जलवायु उत्थानशील जीविकोपार्जन प्रवर्द्धनका लागि स्थानीय स्रोत, संघीय तथा प्रदेश सरकार र विकास साझेदारहरूसँग सहकार्य तथा सहलगानीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

१३४ गाउँपालिकाका कार्यक्रमहरूलाई क्रमशः उप-जलाधार (Catchment) विकास अवधारणामा आधारित योजना प्रणाली मार्फत सञ्चालन गरिनेछ।

१३५ जलाधार संरक्षण, भू-क्षय नियन्त्रण, पुनर्भरण क्षेत्र संरक्षण तथा जैविक विविधता संरक्षणलाई प्राथमिकता दिइनेछ।

१३६ सबै वडामा सुरक्षित, दिगो तथा जलवायु उत्थानशील खानेपानी सेवा विस्तार गरिनेछ।

१३७ NWASH प्रणालीलाई नियमित अद्यावधिक गरी WASH Plan का आधारमा लगानी गरिनेछ।

१३८ खानेपानी योजनाको मर्मत सम्भार तथा O&M व्यवस्थापनलाई संस्थागत गरिनेछ।

१३९ जलवायु अनुकूल कृषि, बहुउपयोगी खानेपानी प्रणाली, सिँचाइ तथा मूल्य श्रृंखला विकासलाई प्राथमिकता दिइनेछ।

१४० स्थानीय अनुकूलन योजना तथा विपद् जोखिम व्यवस्थापन योजनालाई कार्यान्वयन गरिनेछ।

१४१ जलवायु परिवर्तन परियोजना कार्यान्वयन गर्दा महिला नेतृत्व, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

१४२ लैङ्गिक तथा जलवायु उत्तरदायी बजेट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**भौतिक पूर्वाधार विकास :**

१४३ गाउँपालिका भित्रका मुख्य तथा सहायक सडकहरुको आवश्यकतानुसार स्तरोन्नती, विस्तार तथा नियमित सर्मत सम्भार गरि बाह्रै महिना आवागमनलाई सहज, सरल तथा सुरक्षित वनाउन आवश्यक व्यवस्था गरिने छ ।

१४४ गाउँपालिका भित्र निर्माण भएको तथा निर्माणका क्रममा नाली, पर्खाल तथा भू-क्षय रोकथामका लागि संरचना निर्माण गरि सडक सुरक्षा कार्यक्रम अगाडी वढाईने छ ।

१४५ सडक निर्माण तथा मर्मत कार्यमा गुणस्तर, पारदर्शिता कायम गर्न अनुगमनलाई सुदृढ तथा व्यवस्थित गरिने छ ।

१४६ सडक निर्माण गर्दा वातावरण संरक्षण, भु क्षय नियन्त्रण गर्ने विधि प्रयोग गरि निर्माण कार्यलाई अगाडी वढाईने छ ।

१४७ हरेक आर्थिक वर्षमा कार्यान्वयन हुने पूर्वाधार निर्माण योजना तथा कार्यक्रमहरुको सम्झौता, योजनाको फरफारक गर्ने कार्यलाई व्यवस्थित वनाउन सोही आर्थिक वर्षको सुरुमै वजेट कार्यान्वयन कार्यतालिका वनाई सोही कार्यतालिका बमोजिम योजना सम्झौता तथा फरफारक गर्ने गराउने व्यवस्था अनिवार्य रुपमा लागु गरिनेछ ।

१४८ गाउँपालिका क्षेत्र भित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु निर्माण गर्दा भवन निर्माण संहिता बमोजिम वालमैत्री, अपाङ्गमैत्री, भुकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र आगलागीबाट सुरक्षित रहने प्रविधि बमोजिम निर्माण कार्य गर्ने गराईनेछ ।

१४९ गाउँपालिका क्षेत्र भित्र निर्माण हुने घरहरुको नक्सा पासको दायरामा ल्याइनेछ, साथै वनिसकेका घरहरुको अभिलेखिकरण गर्ने तर्फ आवश्यक पहल गरिने छ ।

१५० प्राविधिक शाखा अन्तर्गत आवश्यक पर्ने मेशिनरी औजर तथा उपकरण खरिद गरि निर्माण कार्यलाई प्रभावकारी वनाईने छ साथै शाखामा कार्यरत कर्मचारीहरुलाई क्षमता विकासका तालिम कार्यक्रमको आयोजना गरिने छ ।



भैरव बहादुर साउँद
अध्यक्ष

१५१ सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रवर्द्धनमा विशेष जोड दिईनेछ । सार्वजनिक सडकको दायाँ बायाँ बायो इन्जिनियरिङ प्रविधिको प्रयोग गरिनेछ ।

१५२ गाउँपालिका अन्तर्गत विभिन्न योजनाहरुमा विभिन्न कारणले हुन जाने क्षति कम गर्न विपत व्यबस्थापन कोष स्थापना गरिनेछ।

१५३ गाउँपालिका क्षेत्रभित्र विभिन्न ठाउँमा आवश्यकता अनुसार झो.पु. तथा ट्रस पुलको निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१५४ बडीकेदार गाउँपालिकालाई आगामी वर्ष भित्र सबै टोल तथा वस्तीहरुमा विद्युत विस्तार गरि उज्यालो गाउँपालिका घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

१५५ विकास प्रक्रियालाई दिगो, भरपर्दो वस्तुपरक वनाउन कार्यान्वयनमा रहेको योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन एवं मूल्याङ्कन पद्धतिलाई नतिजामूलक वनाईनेछ ।

१५६ सडक गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई अगाडी वढाईने छ ।

१५७ उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुको प्रभावकारी रुपमा संचालन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई क्षमता विकास तालिम संचालन गरिने छ ।

१५८ अन्तर वडा तथा अन्तरपालिकालाई सडक संजाल मार्फत जोड्ने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईन्छ ॥

१५९ वायू तथा सौर्य ऊर्जाको प्रयोग गरी सिँचाइ, स्वास्थ्य, शिक्षा, खानेपानी, सडक बत्ती जस्ता क्षेत्रहरुमा सामुदायिक तथा संस्थागत रुपमा सञ्चालनमा ल्याउन प्रोत्साहन गरिनेछ ।

१६० पालिका भित्र विग्रेका लघु जलविधुत, सौर्य सडक वत्ति, संस्थागत सोलारहरुको मर्मत सम्भार गरी पुनःप्रयोगमा ल्याइने छन ।

१६१ गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकी लगायत अन्य सरकारी कार्यालयहरुमा विद्युतीय हाजिर जडानका लागि आवश्यक बजेट विनियोजन गरि काम अगाडी बढाउने छ।

१६२ अनौपचारिक भू-सम्वन्ध सूचना प्रणाली (NALCIS) मा दर्ता भएका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गाधनी पुर्जा वितरणको कार्यका लागि आवश्यक बजेट विनियोजन गरि जग्गा धनी पुर्जा वितरण गरिनेछ ।

१६३ यस गाउँपालिका अन्तर्गत रहेका मतदान स्थलहरुमा सि सि क्यामेरा जडानका लागि बजेट विनियोजन गरिनेछ ।

१६४ गाउँपालिका मातहतका निकायहरुमा कागजरहित डिजिटल सेवा प्रवाह र ई-गभर्नेन्सलाई संस्थागत गर्न न्यूनतम र आवश्यक पूर्वाधारको व्यवस्थाका लागि आवश्यक पहल गर्नेछौं ।

१६५ राजश्व व्यवस्थापन प्रणालीलाई पूर्ण रुपमा डिजिटल र पारदर्शिता बनाउनेछौं ।

१६६ व्यवसाय दर्ता तथा नविकरण अभिलेख डिजिटल प्रणाली मार्फत सुचारुका लागि आवश्यक बजेट विनियोजन गर्नेछौं ।

१६७ पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट जडानका लागि आवश्यक पहल गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

१६८ सडक छेउछाउमा रुखको बृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिनुका साथै बायो इन्जिनियरिगं बायो विरगेंट गर्नु पर्ने व्यवस्थालाई अगाडी वढाईने छ ।

१६९ व्यवसायिक रुपमा काठ, दाउरा, निकासी तथा वनजन्य जडीवुटी वा गैर काष्ठ वन पैदावर विक्री वितरणलाई व्यवस्थित गरिनेछ ।

१७० वन फडानी र वन डढेलो निरुसाहित गरी वन व्यवस्थापन र लोपोन्मुख वन्यजन्तु संरक्षणमा जोड दिईनेछ ।

१७१ सामुदायिक वन व्यवस्थापन र निजी वन दर्ता गर्न प्रोत्साहन गरिनेछ ।

१७२ वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्वन्धि विषयहरुमा एकीकृत रुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।

१७३ प्राकृतिक वातावरण संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिदै बातावरण संरक्षणको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाईनेछ ।

१७४ पानीको श्रोतको दिगोपनाको लागि पुराना कुवा, मुहान तथा पोखरीहरुको मर्मत सम्भार एंव संरक्षणका साथै पुर्नभरण पोखरी बनाउने कार्यलाई पालिका क्षेत्र भरी विस्तार गरिनेछ ।

१७५ प्रतिच्छेदित तत्वको रुपमा वातावरण संरक्षण र सम्बर्धन रहेकोले सो मैत्री मानवीय कृयाकलापहरु विकास गर्न प्रेरित गरिने छ ।

१७६ फोहोरमैला व्यवस्थापनका लागि आमा समूह, टोल विकास संस्था, युवा क्लबसँगको सहकार्यमा फोहोरलाई वर्गीकरण गरी फोहोर व्यवस्थापन लगायतका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१७७ नकुहिने र पुनःप्रयोग गर्न सकिने फोहरलाई निजी क्षेत्रको सहयोगमा व्यवस्थापन गरिनेछ ।

१७८ बजार उन्मुख सम्भाव्य क्षेत्रहरुमा नाला तथा ढल निकासको व्यवस्थापन गर्न प्रयत्न गरिनेछ ।

१७९ वजार क्षेत्र र सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्न पहल गरिने छ ।

१८० विभिन्न दैवी प्रकोप, आगलागि, बाढी पहिरो, वन्यजन्तुको आक्रमण जस्ता विपद्हरुमा परेकोहरुका लागि तत्काल आवश्यक सहयोगका लागि उद्दार तथा राहत उपलब्ध गराउने नीति लिईनेछ ।

१८१ विभिन्न प्रकोपहरुबाट पिडित भएका व्यक्ति तथा संस्थाहरुलाई राहत/सहयोग गर्न दैवि प्रकोप राहत कोषको स्थापना गरिनेछ ।

१८२ प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनका लागि विपत व्यवस्थापन सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

**संस्थागत क्षमता विकास, सेवा प्रवाह तथा सुशासन**

१८३ टोल विकास संस्था गठन नभएका टोलहरुमा अनिवार्य रुपमा टोल विकास संस्था गठनको व्यवस्था मिलाईने छ ।

१८४ आगामी वर्ष देखि गाउँवस्तीबाट योजना छनौट गर्दा अनिवार्य रुपमा टोल विकास संस्था मार्फत योजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईनेछ ।

१८५ टोलं विकास संस्था र आमा समूहहरुको क्षमता विकास गर्दै उद्यमशील कार्यक्रमहरु अवलम्वन गर्न प्रेरित गरिनेछ ।

१८६ उपभोक्ता समितिहरुका जिम्मेवार पदाधिकारीहरुको क्षमता विकास गर्नका लागि योजना तथा कार्यक्रमहरुको सम्झौता हुनु पूर्व उपभोक्ता समिति सम्वन्धि तालिमको व्यवस्था गरिने छ ।

१८७ समयमै राम्रो र गुणस्तरीय काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१८८ सुशासन प्रवर्द्धनका लागि गाउँपालिकाको कार्यालय र सवै वडाहरुमा डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिने छ ।

१८९ गाउँपालिका भित्र रहेका सवै सार्वजनिक तथा सरकारी सम्पत्ति, भवन, सडक, खानेपानी, पसल, व्यवसाय, वनको विवरण संकलन गरि अभिलेखिकरण गरिने छ ।

१९० गाउँपालिका अन्तर्गत सवै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्नका लागि विभिन्न किसिमका तालिम, अभिमुखिकरण कार्यक्रमहरु संचालन गरि क्षमता विकास गरिनेछ ।

१९१ गाउँपालिकाबाट प्रदान गरिने सवै खाले सेवा प्रवाहलाई जनताको पहुँचसम्म पुगाउनका लागि वेवसाईट, सूचना पाटी तथा अन्य माध्यम मार्फत जानकारी गराईने छ ।

१९२ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको घर परिवारलाई विभिन्न अनुदान दिने कार्यलाई पूर्ण रुपमा रोक लगाईनेछ ।

१९३ आर्थिक उपार्जन गर्ने व्यवसायलाई अनुदान दिदाँ पान नं. भएको व्यवसायीलाई मात्र दिइने छ ।

१९४ गाउँपालिकाको आर्थिक सहयोगमा संचालन हुने खेलकुद कार्यक्रमहरु संचालन गर्दा खेलकुद संचालन गर्नका लागि गठित समूह, संस्था, क्लवलाई मात्र दिने नीति लिईनेछ ।

१९५ निर्माण सामाग्री खरिद गर्दा खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रिया पुऱ्याएर मात्र खरिद सम्बन्धी कार्य गरिने छ तथा खरिद गर्दा सम्बन्धित वडा वा पालिकाको कर्मचारीबाट खरिद गर्ने व्यवस्था गरिने छ ।

१९६ एक पटक अनुदान वा राहत पाएको व्यक्तिलाई पुनः अनुदान वा राहत दिने व्यवस्थाको अन्त्य गरिने छ ।

१९७ गाउँपालिकाबाट कृषि तथा पशुपन्क्षी सम्बन्धी अनुदान कार्यक्रम संचालन गर्दा समूह वा सहकारी मार्फत वितरण गर्ने व्यवस्था गरिने छ ।

१९८ गाउँपालिका तथा वडा कार्यालयहरु एवं विषयगत कार्यालयहरुबाट खरिद गरिने सामानहरु गाउँपालिकाको स्वीकृति बिना खरिद गरिने कार्यलाई निरुत्साहित गरिनेछ ।

१९९ गाउँपालिका, वडा कार्यालयहरु एवं विषयगत शाखाबाट खरिद हुने कार्यालयमा प्रयोग हुने सामानहरु अनिवार्य रुपमा सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा इन्ट्री गराउने व्यवस्थालाई अनिवार्य गरिने छ ।

२०० महालेखा परीक्षकको प्रतिवेदनले दिइएको सुझाव अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, लेखा समितिको कार्यसञ्चालन कार्यविधि र बेरुजु फर्स्योट कार्यविधिलाई यसै अधिवेशनमा पारित गरी जारी गरिनेछ। आगामी आवमा कायम भएको बेरुजु अधिकतम बेरुजु फर्योट गर्नेगरी बेरुजु फर्स्योट वर्षको रुपमा प्राथमिकता दिइनेछ । यसको लागि गाउँसभा अन्तर्गत रहेको सार्वजनिक लेखा समितिलाई नियमानुसार गठन÷पुनर्गठन गरी कृयाशिल बनाइनेछ।

२०१ पुरानो फछ्र्यौट हुन बाँकी रहेका पेश्की सम्बन्धित व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्ब पेश्की फछ्यौट गराउन आवश्यक पहल गरिनेछ ।

२०२ लेखा प्रणालीलाई व्यवस्थित गरि लेखापालनलाई मितव्ययी, जवाफदेही, पारदर्शी र प्रभावकारी बनाइनेछ ।

२०३ गाउँपालिकाको आय व्ययलाई चौमासिक रुपमा सूचना पाटी तथा वेबसाईट मार्फत सार्वजनिक गरिनेछ ।

२०४ गाउँपालिकाबाट हुने सवै प्रकारका भुक्तानीहरु अनिवार्य रुपमा EFT मार्फत गरिनेछ ।

२०५ गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन प्रचलित कानुनको अक्षरस:कार्यान्वय गरिने, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता सुशासनका औजारहरुको प्रयोगमा जोड दिइआवश्यक थप नीतिगत, कानुनी र संरचनागत विकास गरि पारदर्शी, जवाफदेहिता, स्वच्छ र सदाचारयुक्त, सहभागितामुलक सेवा प्रवाह गर्न प्रभावकारी अनुगमन कार्यलाई निरन्तरता दिईनेछ ।

२०६ यस बडीकेदार गाउँपालिका मा रहेका ८ दिवशिय आधारभुत तालिम प्राप्त .मेलमिलापकर्ता हरु लाई यस गाउँपालिका मा सुचिकृत गरि उनिहरुको क्षमता बिकास गर्नकालागि पुर्नरताजकिय तालिम प्रदान गरिने छ ।

२०७ यस गाउँपालिका मा दर्ता भएका बिबाद हरुको सामाधान गर्नका लागी यस गाउँपालिका को ५ वटै वडामा मेलमिलाप केन्द्र को स्थापना गरि बिवाद हरु सामाधान गरिने छ ।

२०८ यस गाउँपालिका को ५ वडामा रहेका मेलमिलापकर्ता हरुलाई मेलमिलाप केन्द्रमा गई बिवाद हरु सामाधान गरेबाफत मेलमिलाप कर्ता हरुको लागी खाना/ यातायात खर्चको ब्यवस्था गरिने छ ।

२०९ मेलमिलाप कार्यलाई थप प्रभाबकारि बनाउन का लागि सामुदायिक विद्यालय समुदायहरुमा विभिन्न खालका सचेतना मुलक कार्य हरु गरिने छ ।

२१० समुदाय स्तरमा मेलमिलाप केद्र बाट गरिने मेलमिलाप प्रकृया का बारेमा अभिमुखिकरण गरिने छ ।

२११ मेलमिलाप कार्यालाई प्रभावकारि थप सकृय बनाउनका लागि उत्कृष्ट पालिका हरुमा मेलमिलापकर्ता हरु र न्यायिक समिति हरुको भ्रमण गराईने छ ।

२१२ वडा तथा पालिकामा मेलमिलापकर्ता हरु र न्यायिक समितिका पदाधिकारिहरुको नियनमित बैठक र अनुगमन कार्यलाई जोड दिईने छ ।।

२१३ प्रत्यक वडा हरुमा मेलमिलाप सम्वन्धि अभिमुखिकरण तालिम सञ्चालन गरिने छ ।

२१४ वडा तथा पालिका मा मेलमिलापकर्ताहरुको बैठक मा खाना तथा खाजा को व्यवस्थापन गरिने छ ।

२१५ उत्कृष्ट मेलमिलापकर्तालाई पालिका बाट सम्मान गरिने छ ।

**गाउँसभा सदस्य ज्यूहरु**

जनता विकासको व्यग्र प्रतिक्षामा छन् । सिमित श्रोत साधन कुशल परिचालन विना जनताका अपेक्षाहरु छोटो समयमै सम्बोधन गर्नु निकै जटिल चुनौतिको रुपमा रहेको छ । आगामी आ.व.मा उपरोक्त नीति तथा कार्यक्रमहरु तथा बजेट संचालन गर्न बार्षिक कार्य तालिका निर्माण गरी कडाइ साथ लागु गरिने छ जस्ले असाढमा मात्रै खर्च गर्ने मनोबृत्तिको अन्त गरिने छ । विगतमा हासिल गरेका अनुभवहरुका सकारात्मक पक्षहरुलाइ व्यवहारमा लागु गर्दै समृद्ध र समुन्नत बडीकेदार निर्माण का लागि हामिले सुशासन सहितको तिव्र आर्थिक वृद्धि र दिगो विकास प्राप्त गर्नु पर्ने हुन्छ । यसरी सामाजिक राजनैतिक आर्थिक क्षेत्रमा दिगो विकास का माध्यमवाट आम जनतालाइ प्रत्यक्ष परिवर्तनको अनुभुति गराउन सकेमा मात्र संघिय शासन व्यवस्था संस्थागत भई लोकतन्त्र सुदृढ हुन सक्छ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्नमा मार्गनिर्देशन गर्नु हुने संघ र प्रदेश सरकार लगायत उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कर्मचारी साथीहरु, बुद्धिजीवि, विभिन्न संघ संस्थाहरु, नागरिक समाज तथा सामुदायिक संस्था, सामाजिक संगठनहरु, पत्रकार मित्रहरु तथा देश विदेशमा रहनु भएका बडीकेदार गाउँपालिकाका दिदी वहिनी तथा दाजुभाईहरु सवैलाई धन्यवाद ज्ञापन गर्दछु । वडीकेदार गाउँपालिकाको विकासका लागि अंगिकार गरिएका यी नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा आम वडीकेदारवासी जनसमुदाय, बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, कर्मचारी, शिक्षक, पत्रकार, सुरक्षाकर्मी यस क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संघ संस्थासवै निस्वार्थ ढंगले लागि परौं भन्ने यसै गाउँसभा मार्फत आम बडीकेदार बासीहरुमा हार्दिक अपील गर्दै विदा हुन्छु ।

धन्यवाद,

अध्यक्ष
भैरव बहादुर साउद
बडीकेदार गाउँपालिका, खडेउली, डोटी